

प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, कात्तिक १२ गते, २०८३ साल (सङ्ख्या १४

भाग २

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश विपद् व्यवस्थापन(चौथो संशोधन) नियमावली, २०८३

प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश विपद् व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १५ मा संशोधनः</u>** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ (यसपछि मूल नियमावली भनिएको) को नियम १५ को,-

(१) उपनियम (१) मा रहेका "खानेपानी, सिँचाइ " भन्ने शव्दहरूको पछि " धार्मिक संस्था र तिनका संरचना" भन्ने शव्दहरू थपिएका छन्।

(२) उपनियम (२) रहेका "प्रदेश परिषद्" भन्ने शव्दहरूको सट्टा "प्रदेश कार्यकारी समिति" भन्ने शव्दहरू राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १७ मा रहेका "प्रदेश परिषद्" भन्ने शव्दहरूको सट्टा "प्रदेश कार्यकारी समिति" भन्ने शव्दहरू राखिएका छन्।

आज्ञाले,
छविलाल रिजाल
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।मूल्य रु.१०।-